नेपालका लागी भारतीय राजदूत नबिन श्रीवास्तलाई स्वागत तथा मानार्थ संरक्षकत्व हस्तान्तरण गरी सम्मान गरेको सन्दर्भमा नेपाल-भारत उद्योग वाणिज्य संघको

**प्रेस बिज्ञप्ति**

नेपाल-भारत उद्योग वाणिज्य संघले एक कार्यक्रमको आयोजना गरी नेपालका लागी भारतीय राजदूत श्री नबिन श्रीवास्तवको सम्मानमा एक स्वागत कार्यक्रमको आयोजना गरी महामहिम भारतीय राजदूतलाई संघको मानार्थ संरक्षकको प्लेक हस्तान्तरण गरी सम्मान गर्यो ।

उक्त कार्यक्रमको अध्यक्षता गर्दै स्वागत मन्तब्य राख्ने क्रममा नेपाल-भारत उद्योग वाणिज्य संघका अध्यक्ष श्रीमती सृजना राणाले राजदूत श्रीवास्तवलाई संघको स्थापना, उद्देश्य, लगायत हालसम्म संघले गर्दैआएका बिषयगत कार्यहरुको जानकारी गराउँदै नेपालमा औद्योगिक बिकास लगायत समग्र आर्थिक बिकासमा मित्रराष्ट्र भारतको ठूलो सहयोग र सदभाव रहेको, त्यसै गरी सन् १९९० को दशकमा भारतीय ठूला कम्पनीहरुको नेपालमा लगानी आएको भएता पनि बर्तमान समयमा त्यस्ता ठूलो लगानीका उद्योगहरु नेपाल आईनरहेको सन्दर्भमा भारतीय राजदूतको ध्यानाकर्षण गराउनुभयो । नेपालमा पर्यटन उद्योगको महत्व र यसले राष्ट्रिय अर्थतन्त्रमा गर्ने योगदान ठूलो रहेको स्मरण गराउँदै सन् २०१५ मा दुईदेशबीच पर्यटन प्रबर्द्धन गर्ने उद्देश्य सहित संयुक्त कार्यदल गठन भई पहिलो बैठक नयां दिल्लीमा, दोश्रो बैठक सन् २०१८को जूलाईमा संघको सहजीकरणमा काठमाडौंमा सम्पन्न भएको र उक्त दोश्रो बैठकबाट निर्णय भएका बिषयहरु नेपालमा एडभेन्चर टूरिजमको बिकास र नेपाल तथा भारतमा रहेका बिभिन्न आध्यात्मिक तथा धार्मिक स्थलहरुलाई जोडेर धार्मिक सर्किटको निर्माण गरी धार्मिक पर्यटनको प्रबर्द्धन गर्ने निर्णय भए बमोजिम हाल संघले धार्मिक पर्यटकीय सर्किट सम्बन्धि कफीटेबल पुस्तक प्रकाशण गर्न लागेको जानकारी गराउनुभयो साथै तेश्रो संयुक्त कार्यदलको बैठक भारतीय पक्षले भारतमा गर्नुपर्ने भएकोले सोको लागी पहल गरिदिनुहुन पनि अनुरोध गनुभयो ।

कार्यक्रममा संघका उपाध्यक्ष एवं कार्यक्रम, जनसम्पर्क, प्रकाशन समितिका संयोजक सुनिल केसीले संघले भारतीय लगानीकर्ताहरुलाई नेपालमा लगानी गर्न के कस्तो प्रक्रिया र कस्तो प्रकारको लगानी र कुन मोडलमा लगानी गर्न सकिने हो सो सम्बन्धी जानकारी समेटिएको इन्भेष्टमेण्ट गाईड प्रकाशित गर्ने गरेकोमा अव त्यसको तेश्रो परिमार्जित संस्करण प्रकाशनको तयारी गरेको, त्यसै गरी नेपालमा भारतीय लगानीकर्ताहरुलाई लगानी गर्ने वातावरण निर्माण गर्ने उद्देश्यका साथ सन् २०२३को मई महिनामा २ दिने पार्टनरशीप समितको आयोजना गर्ने तयारी गरीसकेको जानकारी गराउनुभयो ।

कार्यक्रमको सिलसिलामा संघको उर्जा समितिका संयोजक बटु लामिछानेले आफ्नो संलग्नतामा हालसम्म १७ वटा जलबिद्युत परियोजना मार्फन उत्पादन हने करिव ३२२ मेवाको सम्पूर्ण लगानी नेपाली उत्पादकहरुको रहेको जानकारी गराउँदै हाल सुख्खा र बर्षातका मौसममा नेपालमा

हालको र ३ बर्ष पछिको उत्पादन, खपत र बचत तथा न्यून हुने गरेको विद्युतको तथ्यांक बारे जानकारी गराउंदै हाल बर्षातको समयमा उत्पादिन बिद्युत खेर जाने गरेकोमा यसरी उत्पादित विद्युत खेर जान नदिई दुवै देशले आपसी समझदारीमा अधिकतम लाभ उठाउन आवश्यक पर्ने नीति र नेपाल र भारत बीच विद्यमान उपयुक्त ट्रान्समिशन लाईनहरुको विस्तार, सुदृधिकरण र सदुपयोग वारे चर्चा गर्नु भयो ।

संघका कोषाध्यक्ष एवं उद्योग तथा निकासी प्रवर्द्धन समितिका संयोजक श्री कुणाल कयालले नेपाल-भारत बाणिज्य सन्धी अनसार नेपालमा उत्पादित बस्तुहरु भारतमा बिना भंसार दस्तूर निकारी गर्दा नेपालमा हुनपर्ने ३० प्रतिशतको मूल्य अभिबृद्धीको गणना गर्दा नेपाल र भारतका कच्चा पदार्थ प्रयोग गर्दा लागेका लागतहरु नेपालकै मूल्य अभिबृद्धी सरह मानिने व्यवस्था रहेकोमा तेश्रो मूलकबाट आयात गरिएका सामानमा भारतीय भूमी हुंदै आयात गर्दा भारतमा लाग्ने लजिष्टिक खर्चलाई पनि ३० प्रतिशत मूल्य अभिवृद्धीकै लागत भित्र मान्न उपयक्त हूने, सोही सन्धी अनुसार नेपाल र भारतले तेश्रो मुलुकबाट आयात भएका सामान एक अर्काको देशमा पूनः निर्यात गर्न नपाउने व्यवस्था रहेकोमा हालको विश्वव्यापीकरणको सिलसिलमा विश्वका बहुराष्ट्रिय कम्पनीहरुले उत्पादन गर्ने सवारी साधानका पार्टहरु, भारी उपकरण तथा मेशीनरीहरु, तिनका पार्टपूर्जाहरु र मानव जीवन बचाउने औषधी तथा उपकरणहरुका बजारीकरणको लागी भारतमा आफना बोण्डेड वेयरहाउस ( गोदामहरु), शाखा कार्यालयहरु, सम्पर्क कार्यालयहरु स्थापना गरेकाले नेपालका लागि सानो परिमाणमा आवश्यक पर्ने त्यस्ता सामानका लागी भारतबाट मगाउन सुझाउने गरेको र ती मुलुकबाट ती समान थोरै परिमाणमा नेपालका लागी मगाउंदा निक्कै महंगो पर्ने भएकोले त्यसमा अढाई दशक अघिको वाणिज्य सन्धीका प्रावधानहरुमा समयानूकल संशोधन हुनपर्ने धारणा राख्दै ती सामान भारतबाटै मगाउन पाउने व्यवस्था गर्नु पर्ने र त्यसका लागी दुवै देशका सरकारहरुले सन्धीमा उपयुक्त परिमार्जन गरी सहजीकरण गरिदिनु पर्ने, सोही सन्धी अनुसार भारतबाट नेपालमा कच्चा पदार्थ भारुमा निकासी गर्दा बिदेशी मुद्रामा निकासी भए सरह भारतीय निकासीकर्ताहरुले सुविधा पाउने व्यवस्था भए पनि व्यवहारमा त्यो अहिलेसम्म पनि लागू भई नसकेकोले नेपालका उद्योगहरुले पनि उक्त प्रावधानको लाभ उठाउन नपाएकोले नेपालमा उत्पादित बस्तुहरु मूल्यको हकमा आन्तरिक र अन्तर्राष्टिय बजारमा प्रतिस्पर्धी हुन नसकेको हुंदा सो को सम्वोधन हुन पर्ने, सम्पूर्ण मेशीनरी भारतमै बनेको र कच्चा पदार्थ पनि नेपाल र भारतको प्रयोग गरी उत्पादन गरिएको जूट र जूटजन्य उत्पादनहरुमा विगत ६ बर्ष देखी नेपाली जूट भारत निकासी गर्दा लागी आएको एन्टिडम्पिंग शूल्क लगाईएकोमा त्यो न्यायोचित नभएकोले उक्त शूल्क हटाउन सहजीकरण गर्ने, वितगका बर्षहरुमा जस्तै गत बर्ष भारतबाट ३५ अर्व भन्दा बढीको एलोप्याथी र आयर्वेद औषधीहरु आयात भएको सन्दर्भमा अधिकांश भारतीय उपकरणहरु र कच्चा पदार्थहरु प्रयोग गरी अन्तरराष्टिय मापदण्ड र गुणस्तरमा नेपालमा उत्पादित एलोप्याथी र आयूर्वेदिक औषधीहरु भारतमा विगत २० बर्ष देखी निकासी गर्न खोजिएपनि अत्यन्त झन्झटिलो प्रकृयागत कारण्ले गर्दा प्रकृयामै औषधीको अधिकांशको म्याद जाने र महंगो रजिष्टेशन दस्तूरको कारण नेपाली उत्पादकहरुले आजसम्म निकासी गर्न नसकेको यर्थाथ प्रस्तुत गर्नु भयो ।

कार्यक्रममा संघको ब्यापार तथा पारबहन समितिका संयोजक राजन शर्माले नेपाल र भारत बीचको ब्यापारमा अझ बढी सहजीकरणको आवश्यकता रहेको बताउँदै देदिकेटेड रेलसेवाको सुबिधा अत्यन्त आवश्यक रहेको, त्यत्स्तै ब्यापारमा इन्टरमोडल ट्रान्सपोर्टको मोडालिटी भन्दा पनि अब मल्टीमोडल ट्रान्सपोर्टको अवधारणा अनुरुप अघि बढाउनु आवश्यक रहेको, साथै कृषी बस्तु लगायत पशुजन्य बस्तुहरुको निकासी ब्यापारमा फाइटोसेनिटेरी, लैब एक्रिडिएसन लगायत सर्टिफिकेशन सम्बन्धि मुद्दाहरुलाई सम्बोधन गर्नुका साथै सहज बनाउन पहल गरिदिन आग्रह गर्नुभयो ।

त्यस्तै संघको ईण्डियन बिजनेश फोरम (आईबिएफ) समितिका संयोजक हरकिरत सिंह बेदीले समिति बिशेष गरी नेपालमा उद्योग ब्यबसाय गरी रहेका भारतीय उद्यमीहरुको बिषयगत समस्याहरु समाधानार्थ पहल गर्ने लगायत कार्य गर्ने गरेको र हाल नेपालमा यस्ता कम्पनीहरुले बिशेष गरी बौद्धिक सम्पति सम्बन्धी अधिकार (आईपीआर) सम्बन्धा समस्या बिद्यमान रहेको जसले गर्दा प्रतिष्ठित भारतीय ब्राण्डहरु नेपालमा अर्कैले दर्ता गरी ब्राण्ड तथा ट्रेडमार्क ओगट्ने गरेकोकारण उद्योगले आफ्ना उत्पादन ब्राण्ड बिर्क्री बितरण गर्न समस्या भएको जानकारी गराउनुभयो । त्यसैगरी बिज्ञापन सम्बन्धि ऐनले पनि हाल आफ्ना बस्तुहरुको बिज्ञापन तथा प्रचार प्रसारको क्षेत्रमा केह असहज परिस्थिति सिर्जना गरेको र उद्योगले बिदेशी सेवा प्रदायकबाट प्राप्त गरेको सेवा वापतको भुक्तानी पठाउन पनि बिभिन्न निकायहरु (उद्योग बिभाग, नेपाल राष्ट्र बैंक) बाट स्वीकृति लिनुपर्ने र झन्झतिलो प्रक्रिया रहेको बताउनुभयो भने सो समस्याहरु समाधानको लागी समिति प्रयासरत रहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा आफ्नो धारणा राख्ने क्रममा राजदूत श्रीवास्तबले नेपाल-भात उद्योग वाणिज्य संघको तर्फबाट अध्यक्ष लगायत बिषयगत समितिहरुबाट प्रस्तुत जानकारीहरु लगायत समस्याहरुमा राजदूत श्रीवास्तबले भारतीय राजदूतावासको तर्फबाट सहयोग रहने र आगामी दिनमा संयुक्त उद्देश्य हासिल गर्न नेपाल-भारत उद्योग वाणिज्य संघसंग सहकार्य गर्न आफू लगायत दूतावास अत्यन्त ईच्छुक रहेको, त्यस्तै संघको प्रयासहरुको सराहना गर्दै मानार्थ संरक्षकको रुपमा सम्मान गरेकोमा हार्दिक धन्यबाद ब्यक्त गर्नुभयो ।

मार्शल राठौर
उपनिर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
एस अपार्टमेण्टस्, नारायणचौर, नक्साल, काठमाडौं ।
मितिः २०७९ माघ २७ गते शुक्रवार ।